# गण्डकी प्रदेश सरकार
## स्वास्थ्य मन्त्रालय
# प्रदेश जनस्वास्थ्य कार्यालय
## नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नेपाल

## पदपूर्ति सम्बन्धी सूचना

**(सूचन प्रकाशित मिति: २०८३/०५/३० गते)**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | कार्यस्थान | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ०१-२०८३/०८४ | मेडिकल अधिकृत | आठौं | १ (एक) जना | प्रदेश जनस्वास्थ्य कार्यालयले तोकेको स्थान | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उत्तीर्ण गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्ने |
| २ | ०२-२०८३/०८४ | अ.न.मी. | स.चौथो | १ (एक) जना | त्रिवेणी नाका स्वास्थ्य सहायता कक्ष | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा TSLC वा सो सरह उत्तीर्ण गरेको र नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको हुनुपर्ने |

१. **दरखास्त फारमसँग संलग्न गर्नुपर्ने कागजातहरु:** तोकिएको राजश्व तिरेको सक्कल बैंक भौचर, उम्मेदवारको अध्यावधिक व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो, एस.एल.सी./एस.ई.ई. र सोभन्दा माथिका शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु, म्याद कायम रहेको/नवीकरण गरिएको सम्बन्धित काउन्सिलको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव र तालिमसम्बन्धी प्रमाणपत्र थान एक/एक स्वयम् प्रमाणित गरी पेश गर्नुपर्नेछ। साथै रीत नपुगेका तथा म्याद नाघी दर्ता हुन आएका दरखास्तहरु उपर कुनै कारबाही हुने छैन।

२. **दरखास्त दस्तुर:** मेडिकल अधिकृतको रु. १,२०० (बाह्र सय मात्र) र अ.न.मी.को रु. ५०० (पाँच सय मात्र)
   क) कार्यलयको नाम: प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
   ख) कार्यालयको कोड: ३७००१४६०२४
   ग) राजश्व शीर्षक नं. :- १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क)

३. **दरखास्त दिने अन्तिम मिति:** २०८३/०६/१३ गते, कार्यालय समयभित्र, उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्टसम्म हुनेछ ।

४. **दरखास्त फाराम बुझाउने स्थान:** प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), मध्यविन्दु नगरपालिका-०२, कोल्हुवा

५. **परीक्षाको किसिम:** “सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि २०७९” मा व्यवस्था भए बमोजिम

६. **पारिश्रमिक तथा सेवा सुविधा:** नियमानुसार/करार सम्झौता बमोजिम

७. **अवधि:** चालू आ.व. २०८३/०८४ को असार मसान्तसम्म।

८. **उम्मेदवार हुनका लागि योग्यता:**
   क. नेपाली नागरिक हुनुपर्नेछ,
   ख. उमेरको हकमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ,
   ग. भ्रष्टाचार तथा फौजदारी अभियोगसम्बन्धी मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ
   घ. भविष्यमा सरकारी सेवाबाट अयोग्य ठहरिने गरी बर्खास्त नभएको हुनुपर्नेछ

९. **दरखास्त फाराम:** प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) तथा कार्यालयको वेबसाइट https://honawalpur.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ

१०. **परीक्षाको मिति:** पछि प्रकाशन गरिनेछ ।

११. **अन्य विस्तृत जानकारीको लागि:** ०७८-४०१०८३, ०७८-५४००१८, ९८५७०७९२३६, ९८४७०९५०११ वा कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।